# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं, भदौ १७ गते २०६२ साल (अतिरिक्ताङ्क ३४


## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**२०६२ सालको अध्यादेश नं. २०**

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

**निर्वाचन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश**

**प्रस्तावना:** निर्वाचन सम्बन्धी केही नेपाल ऐनलाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "निर्वाचन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ मा संशोधनः** स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ को,-

(१) दफा १२ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछः-

"(२) आयोगले भौगोलिक अवस्था, मौसम, प्राकृतिक प्रकोप, शान्ति सुरक्षाको स्थिति तथा अन्य परिस्थिति समेतलाई विचार गरी सबै वा कुनै स्थानीय निकायका सदस्यहरुको निर्वाचन एक वा एकभन्दा बढी पटक गरी एउटै वा अलग अलग मितिमा सम्पन्न गराउन सक्नेछ । यसरी आयोगले अलग अलग मितिमा निर्वाचन सम्पन्न गराएकोमा पहिलो पटक निर्वाचन सम्पन्न गराएको मितिमा नै सबै निर्वाचन सम्पन्न भएको मानिनेछ ।"

(२) उपदफा (२क) झिकिएको छ ।

(३) दफा १३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) नेपाल अधिराज्यभरका सबै वा कुनै स्थानीय निकायको सदस्यको निर्वाचन गर्नु पर्ने भएमा त्यस्तो स्थानीय निकायको नाम, वा कुनै जिल्लाको सबै वा कुनै स्थानीय निकायको वा कुनै स्थानीय निकायको कुनै पदको निर्वाचन गर्नु पर्ने भएमा त्यस्तो जिल्ला र स्थानीय निकायको नाम, र पद समेत उल्लेख गरी श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नेछ र सोको जानकारी आयोगलाई दिनेछ ।"

(४) दफा ३४ को सट्टा देहायको दफा ३४ राखिएको छ :-

"३४. **मतदानः** (१) मतदाता नामावलीमा नाम दर्ता भएको मतदाताले मात्र निर्वाचनमा मतदान गर्न पाउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मतदाता परिचयपत्रको व्यवस्था लागू भएको निर्वाचन क्षेत्रमा मतदाताले मतदान गर्ने बेलामा मतदाता परिचयपत्र लिई उपस्थित हुनु पर्नेछ।

(३) उपदफा (२) र अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मतदाताले मतदाता परिचयपत्र पाउँदै नपाएको वा हराएको वा नासिएको कारणबाट मतदाता परिचयपत्र देखाउन नसकेको अवस्थामा निज नै मतदाता नामावलीमा नाम दर्ता भएको मतदाता भएमा त्यस्तो मतदातालाई मतदान गर्न दिनु पर्नेछ।

(४) मतदान केन्द्रमा मतदानको लागि आउने कुनै व्यक्तिको सम्बन्धमा निज नै वास्तविक मतदाता हो भन्ने कुरामा शंका लागेमा मतदान अधिकृतले त्यस्तो मतदातासँग निजको परिचय खुल्ने कुनै प्रमाण माग्न सक्नेछ र त्यसरी प्रमाण माग भएमा सम्बन्धित मतदाताले आयोगले तोकेको कुनै प्रमाण देखाउनु पर्नेछ।

(५) मतदाता परिचयपत्र वा उपदफा (४) बमोजिम मतदाताले देखाएको परिचय सम्बन्धी प्रमाणमा उल्लिखित विवरण मतदाता नामावलीसँग भिडाउँदा नाम, थर, उमेर वा ठेगाना आदिमा लेखाई वा छपाईको कारणले अङ्क, अक्षर वा मात्रामा सानो तिनो त्रुटि भई फरक परे तापनि निज नै वास्तविक मतदाता हो भन्ने मतदान अधिकृतलाई लागेमा त्यस्तो मतदातालाई मतदान गर्न दिनु पर्नेछ।"

३. <u>मतदाता नामावली सम्बन्धी ऐन, २०५२ मा संशोधन</u>: मतदाता नामावली सम्बन्धी ऐन, २०५२ को दफा २ को खण्ड (ग) को उपखण्ड (२) र (३) को सट्टा देहायका उपखण्ड (२) र (३) राखिएका छन् :-

"(२) गाउँ बिकास समितिको अध्यक्ष तथा उपाध्यक्ष को निर्वाचनको निमित्त स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ४ बमोजिम तोकेको सम्बन्धित गाउँ बिकास क्षेत्र तथा वडाध्यक्ष र वडा सदस्यको निर्वाचनको निमित्त सोही ऐनको दफा ५ बमोजिम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विभाजन गरिएको सम्बन्धित गाउँ बिकास समितिको वडाको क्षेत्र, र

(३) नगरपालिकाको प्रमुख तथा उप-प्रमुखको निर्वाचनको निमित्त स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ७२ बमोजिम तोकेको सम्बन्धित नगर क्षेत्र तथा वडाध्यक्ष र वडा सदस्यको निर्वाचनको निमित्त सोही ऐनको दफा ७३ बमोजिम विभाजन गरिएको सम्बन्धित नगरपालिकाको वडाको क्षेत्र ।"

लालमोहर सदर मितिः २०६२।५।१७।६

आज्ञाले,
डा. कुलरत्न भुर्तेल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



मुद्रण विभाग, सिंहदरबार